आज मिति २०८२ साल पौष २४ गते बिहीबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५५ (पचपन्नौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा।
३. करार सेवामा कर्मचारी नियुक्ति सम्बन्धमा।
४. आर्थिक वर्ष २०८३/०८४ को लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारलाई पठाउने समपुरक तथा विशेष अनुदानका योजनाहरुको सम्बन्धमा।
५. संस्था दर्ता सम्बन्धमा।
६. दलित बहुउपयोगी सामुदायिक भवन निर्माणका लागि बजेट विनियोजन सम्बन्धमा।
७. श्रोत सुनिश्चितता सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा।
९. आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
१०. स्वास्थ्य तर्फ विनियोजन गरिएको बजेट सम्बन्धमा।
११. पूर्णखोप सुनिश्चितता वडा तथा पालिका घोषणा सम्बन्धमा।
१२. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
१३. निर्णय अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
१४. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका ०५ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ७९९ मिति २०८२/०८/०८ गतेको पत्रानुसार वडा कार्यालयमा ज्यालादारीमा कार्यरत रहेका श्री विशाल लामालाई नियामानुसार करार सेवामा कार्यालय सहयोगी पदमा पदपूर्ति सम्बन्धमा मिति २०८२/०८/१६ गतेको वडा समितिको निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकाको कार्यालय अन्तर्गत रहने गरी रिक्त रहेको अ.हे.व. (पद संख्या २), अ.न.मी. (पद संख्या १) र कार्यालय सहयोगी (पद संख्या १) का सम्बन्धमा मिति २०८२/०८/१४ गते प्रकाशित सूचना अनुसार आवेदन दिएका उम्मेदवारहरुको मिति २०८२/०९/०२ गतेको पदपूर्ति समितिको निर्णय अनुसार छनोट भएका उम्मेदवारहरुका सम्बन्धमा मिति २०८२/०९/१४ गतेको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नम्बर ४:

आर्थिक वर्ष २०८३/०८४ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/ कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गरिने बजेट | नगरपालिका | संघीय सरकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नौबिसे पुजारी टापु, साउनेडाँडा वडा कार्यालय सडक (नविन प्रा.वि., खनालथोक स्वास्थ्यचौकी र जनहित माध्यमिक विद्यालयलाई वडा | वडा नम्बर ०७ | ७,००,००,००० (अक्षेरुपी सात करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |

निर्णय प्रमाणीकरण
२/१/८२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केन्द्रसम्म जोड्ने) क्रमागत | | | | | | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम क्रमागत | नगर स्तरीय | ९,००,००,००० (अक्षेरुपी नौ करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| २. | एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण क्रमागत | नगर स्तरीय | १८,००,००,००० (अक्षेरुपी अठार करोड) | ८,००,००,००० (अक्षेरुपी आठ करोड) | |
| ३. | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |

आर्थिक वर्ष २०८३/०८४ का लागि बागमती प्रदेश सरकार समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिवद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/ कार्यक्रम को नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गरिने बजेट | नगरपालिका | संघीय सरकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | दलसिंगे-दाप्चा सडक | वडा नम्बर १० | १०,००,००,००० (अक्षेरुपी दश | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |

निर्णय प्रमाणीकरण

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | करोड) | | | | |
| २. | २० किलो दाहालचौर ओझाबस्ति तिमाल रोड जोड्ने सडक क्रमागत | वडा नम्बर ०३ | १०,००,००,००० (अक्षेरुपी दश करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |
| ३. | वि.पि. राजमार्ग हिराको पसल १ नम्बर वडा कार्यालय मथुरापाटि हुँदै २ नम्बर वडा कार्यालय जोड्ने सडक | वडा नम्बर ०२ | १०,००,००,००० (अक्षेरुपी दश करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |

**ख. विशेष अनुदान तर्फः**

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| २. | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम क्रमागत | नगर स्तरीय | ९,००,००,००० (अक्षेरुपी नौ करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| ३. | स्वास्थ्य संस्था सुदृधिकरण कार्यक्रम | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| ४. | एकीकृत वैज्ञानिक फोहोरमैला | नगर स्तरीय | १८,००,००,००० | ८,००,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण क्रमागत | | (अक्षेरुपी अठार करोड) | (अक्षेरुपी आठ करोड) | |

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिका ०८ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ६७०, मिति २०८२/०८/२८ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री सन्तानेश्वर शिव मन्दिर संरक्षण समिति, नमोबुद्ध-८, सन्तानेश्वरधाम, कालिकुवामाथि, अधिकारीथोक, माथिल्लोगाउँ, काभ्रे नियमानुसार दर्ता गर्ने।

**निर्णय नम्बर ६:**

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०४ स्थित दाहिने पिपलबोटको क्षेत्रमा निर्माणाधीन अवस्थामा रहेको दलित समुदायलाई लक्षित गरी निर्माण गरिएको दलित बहुउपयोगी सामुदायिक भवन अधुरो रहेको हुँदा सोको निर्माण सम्पन्न गर्नका लागि आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन भएको दलित आय आर्जन शिर्षकमा रहेको बजेटबाट नियामानुसार निर्माण प्रकृया अगाडी बढाउने।

**निर्णय नम्बर ७:**

आर्थिक वर्ष २०८२/०८३ को लागि वडास्तरीय शिर्षकमा विनियोजन भएको तपसिल बमोजिमका आयोजना/योजनाहरुको लागत अनुमान सम्बन्धित निकायले विनियोजित गरेको बजेट भन्दा बढी आएकोले नपुग रकम आर्थिक वर्ष २०८२/०८३ को विभिन्न सरकारी निकाय संघसंस्था साझेदारी कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट थप श्रोत सुनिश्चितता गरी नियमानुसार बोलपत्र आव्हान प्रकृया अगाडी बढाउने।

तपसिलः

| सि.नं. | आयोजनाको नाम | वडा नम्बर | श्रोत | कुल लागत अनुमान (रु.) | विनियोजित बजेट (रु.) | नपुग बजेट (रु.) | कायम गरिएको शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दारिमबोट पिपलटार सडक | वडा नम्बर ८ | वडास्तरीय | २९,९९,२८५.३१ | १५,००,००० | १४,९९,२८५.३१ | दारिमबोट पिपलटार सडक | |

**निर्णय नम्बर ८:**

नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ निवासी श्री पोट बहादुर कटुवाललाई मिति २०८२/०८/२८ गते भएको दुर्घटनामा परी मृत्यु भएको र निजको परिवार आर्थिक रुपमा विपन्न रहेको भनि ०२ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ८८४, मिति २०८२/०९/२० गतेको सिफारिसका आधारमा निज मृतकका परिवारलाई प्रति परिवार रकम रु. १ लाख आर्थिक सहयोग गर्ने।

**निर्णय नम्बर ९:**

मिति २०८२/०७/१८ गते बसेको आर्थिक विकास समितिको व्यावसायिक पशुपन्छी पालनका लागि कृषि फर्म सुदृढिकरण कार्यक्रमको प्रस्ताव मूल्यांकन मापदण्ड, बाख्रा प्रवर्द्धन कार्यक्रम प्रस्ताव मूल्यांकन मापदण्ड, उत्पादन आधारित दुधमा प्रोत्साहन अनुदान मापदण्ड सम्बन्धी भएको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

**व्यावसायिक पशुपन्छी पालनका लागि कृषि फर्म सुदृढिकरण कार्यक्रमको प्रस्ताव मूल्यांकन मापदण्ड**

| क्र.स. | मूल्यांकनको आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | बाख्राको संख्या कम्तिमा २५ ओटा माउ र गाई भैसी संख्या कम्तीमा १० वटा | ३० | |
| २. | लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १० | |
| ३. | घास खेति गरिएको र बिमा भएको | २० | |
| ४. | प्रस्तावित कार्ययोजना अनुरुपको समाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | २० | |
| ५. | आवश्यक कागजातहरुको संलग्नता | १० | |
| ६. | कार्ययोजनामा लागत साझेदारीको आंकलन | १० | |
| | **जम्मा** | **१००** | |

**बाख्रा प्रवर्द्धन कार्यक्रम प्रस्ताव मूल्यांकन मापदण्ड**

| क्र.स | मूल्यांकनको आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | बाख्राको संख्या कम्तिमा १० ओटा माउ | ३० | |
| २. | लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १० | |
| ३. | घास खेति गरिएको र बिमा भएको | २० | |
| ४. | प्रस्तावित कार्ययोजना अनुरुपको समाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | २० | |
| ५. | आवश्यक कागजातहरुको संलग्नता | १० | |
| ६. | कार्ययोजनामा लागत साझेदारीको आंकलन | १० | |

| | जम्मा | १०० | |
|---|---|---|---|

निर्णय नम्बर १०:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख स्वास्थ्य शाखासँग सम्बन्धि कार्यक्रम शीर्षकमा विनियोजन गरिएको रकम रु. २५,००,००० (अक्षेरुपी पच्चीस लाख) बजेटलाई तपसिल बमोजिमको शीर्षकमा खर्च गर्ने।

| सि.नं. | कार्यक्रम | बजेट रकम रु. |
|---|---|---|
| १. | गाउँघर क्लिनिक तथा खोप क्लिनिकमा खटिने कर्मचारहरुलाई यातायात खर्च | ३,१८,००० |
| २. | महिला सामुदायिक स्वास्थ्य स्वयं.सेविका दिवस सम्मान प्रोत्साहान तथा विविध कार्यक्रम | १,००,००० |
| ३. | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन तथा आवश्यक उपकरण खरिद | ५,००००० |
| ४. | स्वास्थ्य क्षेत्रका लागि आवश्यक औषधि, औषधिजन्य उपकरणहरु तथा सामाग्रीहरु खरिद साथै औषधि रिप्याकिङ र ढुवानी । | १०,३२,००० |
| ५. | स्वास्थ्यकर्मीहरुका लागि e-HMIS, DHIS-2 PAMS तालिम | ८०,००० |
| ६. | स्वास्थ्य शिविर तथा स्वास्थ्य सम्बन्धि बिबिध | २,००००० |
| ७. | सार्वजनिक सुनवाई कार्यक्रम | ९५,००० |
| ८. | ROUSG कार्यक्रममा खटिएका कर्मचारीहरुको भत्ता | १,२५,००० |
| ९. | औषधि रिप्याकिङ तथा ढुवानी खर्च | ५०,००० |
| | **जम्मा रकम** | **२५,०००००** |

निर्णय नम्बर ११:

पूर्णखोप वडा तथा पालिका घोषणा सम्बन्धमा छलफल गर्दा माघ पहिलो हप्ता भित्र सबै वडा खोप समन्वय समितिको बैठक बसि आफ्नो वडा भित्रको घरधुरी सर्वेक्षण गर्ने र निर्धारीत उमेर समुहको बालबालिकामा खोप छुट भएको पाईएमा तुरुन्तै खोप लगाउने तथा कुनै पनि बालबालबालिका खोप छुट नभएको एकिन गरी २०८२ चैत्र महिना भित्र पूर्णखोप सुनिश्चितता वडा घोषणा गर्ने साथै २०८३ बैशाख पहिलो हप्ता पालिका घोषणा गर्ने।

निर्णय नम्बर १२:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. आर्थिक वर्ष २०८२/०८३ को लागि दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत भएको नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा हाल सम्म भएको **भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन** प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीज्यूबाट दोश्रो नगर सभाको आठौं अधिवेशनमा पेश गर्ने।

३. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको मिति २०८२/०३/०९ गते बसेको पहिलो बैठकमा पेश भई मिति २०८२/०३/१६ गतेको दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको **"नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक ऐन,२०८२"** मा संशोधन गर्न सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूले मिति २०८२/०९/२९ गतेको दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) मा **"नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक ऐन,२०८२"** संलग्न अनुसूची बमोजिम स्वीकृतीका लागि पेश गर्ने।

४. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको मिति २०८२/०३/०९ गते बसेको पहिलो बैठकमा पेश भई मिति २०८२/०३/१६ गतेको दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको **"नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन ऐन,२०८२"** मा संशोधन गर्न नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूले मिति २०८२/०९/२९ गतेको दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) मा **"नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन ऐन,२०८२ को अनुसूची माथिको संशोधन प्रस्ताव"** संलग्न अनुसूची बमोजिम स्वीकृतीका लागि पेश गर्ने।

५. आर्थिक वर्ष २०८२/०८३ को लागि दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा चालु तथा पूँजीगत खर्च तर्फ विनियोजन गरिएको कुल प्रतिशतलाई आधार मानी आवश्यक शीर्षकमा रकम थप घट गर्न, विभिन्न शीर्षकमा प्राप्त अन्य श्रोतका रकम परिचालन, रकमान्तर, चालु तथा पूँजीगत शीर्षकमा विनियोजन गरिएका योजनाहरुको संशोधन, एकमुष्ट विनियोजन भएका रकम परिचालन तथा नगरपालिकाबाट तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रम एकीन गरी श्रोत व्यवस्थापन सहित कार्यान्वयनमा लैजान साथै अन्य उचित श्रोतहरुको व्यवस्थापन गर्ने अधिकार नगर प्रमुखलाई दिनका लागि दोश्रो नगर सभाको आठौं अधिवेशनमा पेश गर्ने।

६. दोश्रो नगर सभाको सातौं अधिवेशन पश्चात नगर कार्यपालिकाको मिति २०८२ असार १६ गते देखि हालसम्म भएको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु, अनुगमन समितिको प्रतिवेदन, नगर प्रमुख, उपप्रमुख, विषयगत समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुबाट भएको आदेश तथा निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको आठौं अधिवेशनमा पेश गर्ने।

७. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण भई नमोबुद्ध नगरपालिकालाई प्राप्त भएको प्रतिवेदन माथि छलफल गरी सार्वजनिक लेखा समितिबाट पेश भएको नियमित गर्नुपर्ने बेरुजुलाई नियमानुसार नियमित गरी फछ्र्यौट गर्नका लागि सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूले दोश्रो नगर सभाको आठौं अधिवेशनमा पेश गर्ने।

८. उच्च अदालत, पाटनको फैसला जानकारी एवं सोको कार्यान्वयनको लागि नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विद्यायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको **नमोबुद्ध नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) विधेयक, २०८** संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समितिका संयोजक तथा वडा अध्यक्ष श्री राम कृष्ण उपाध्यायज्यूले दोश्रो नगर सभाको आठौं अधिवेशनमा पेश गर्ने।

९. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख एवं अनुगमन तथा न्यायिक समितिका संयोजक श्री र बहादुर लामाज्यूलाई अनुगमन समिति र न्यायिक समितिको प्रतिवेदन दोश्रो नगर सभाको आठ अधिवेशनमा पेश गर्ने।

१०. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) सम्पन्न ग क्रममा विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, न सभा सदस्यहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचा संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरबासी दाजुभाई तथा दि बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।

निर्णय नम्बर १३:

माथि उल्लेखित निर्णय नम्बर १२ का प्रस्तावहरु स्वीकृत गरी दोश्रो नगर सभाको आठौं अधिवेश अनुमोदनका लागि पेश गर्ने।